# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, भदौ २० गते २०३२ साल [अतिरिताङ्क २७ (क)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३२ सालको ऐन नं. ६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## न्याय सेवा आयोग ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– न्याय सेवा आयोग ऐन, २०२१ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "न्याय सेवा आयोग (पहिलो संशोधन) ऐन, २०३२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको प्रस्तावनामा संशोधनः– मूल ऐनको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः–

"प्रस्तावनाः– न्याय सेवा आयोगको अधिकार, कर्तव्य र कार्यविधिको व्यवस्था गर्न बाञ्छनीय भएकोले"

३. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

(ख) "सेवा" भन्नाले नेपाल निजामती सेवा ऐन, २०१३ बमोजिमको राजपत्रांकित नेपाल न्यायसेवालाई सम्झनुपर्छ ।

४. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को सट्टा देहायको दफा राखिएको छः–

४. आयोगको सचिवः– (१) सर्वोच्च अदालतको रजिष्ट्रार आयोगको पदेन सचिव हुनेछ ।

(२) आयोगको विचारार्थ प्रस्तुत हुनुपर्ने विषय निजले पेश गर्नेछ ।

(३) सचिवको काम, कर्तव्य र अधिकार आयोगले निर्दिष्ट गरे–बमोजिम हुनेछ ।

(४) आयोगको निर्णयहरू सचिवले प्रमाणित गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनको दफा ५ मा संशोधनः– मूल ऐनको दफा ५ को उप–दफा (२) पछि देहायको उप–दफा (३) थपिएको छः–

(३) आयोगले आफ्नो बैठकमा आवश्यकतानुसार महान्यायाधिवक्ता र कानून तथा न्याय मन्त्रालयका सचिवलाई बोलाई निजहरूको सल्लाह र सुझाव लिन सक्नेछ ।

६. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ लाई उप–दफा (१) गरी देहायको उप–दफा (२) थपिएको छः–

(२) बढुवा नियमबमोजिम बढुवाको लागि अन्तर विभागीय बढुवा परीक्षाको स्तर र पाठ्यक्रम निर्धारण र परीक्षा संचालन गर्ने गराउने आयोगको कर्तव्य हुनेछ ।

लालमोहर सदर मितिः– २०३२।५।२०।६

आज्ञाले–
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।